# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur


चलानी नं. ………………  मितिः २०८१/०४/११

**दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) पहिलो सेमेस्टरको सत्रान्त परीक्षाका निमित्त**

**अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना!**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२३ (Batch 2023) को **पहिलो** सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा २०८१ साल भाद्र दोस्रो हप्ताबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८१ साल श्रावण ११ गतेदेखि ३२ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत विभागको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन परीक्षा फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **परीक्षा फाराम भर्ने समयावधि** :मिति २०८१ साल श्रावण ११ गतेदेखि ३२ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८१ साल भाद्र ०२ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर** : नियमित परीक्षार्थीहरूका लागि रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूका लागि रू. ५,०००/- (विद्यार्थीहरूले Online फाराम भर्ने वेलामा e-Sewa अथवा Khalti मार्फत फाराम दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ) ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्नेछ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभागमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेशन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो र फाराममा तोकिएको ठाउँमा दस्तखत Upload गर्नुपर्ने छ ।
- सम्वन्धित विभाग तथा कार्यक्रमहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरुले भरेका अनलाइन परीक्षा फाराम २०८० साल भाद्र ०५ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ । विद्यार्थीहरूले भरेका र विभाग तथा कार्यक्रमहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू **(विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू)** को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित विभाग तथा कार्यक्रमहरूको पत्र सहित विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) २०८० साल भाद्र ०६ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८० साल भाद्र ०६ गतेपछि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://fohss.tu.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

**डा. चिरञ्जीवी आचार्य**
**सहायक डीन**


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np


CamScanner